**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख १६ गते**
भारतबाट आएका उपल्लो डोल्पाका नागरिकको आरडिटी परीक्षणका लागि इन्सेकको पहलमा स्वास्थ्यकर्मीको टोली वैशाख १६ गते उपल्लो डोल्पाको डोल्पोबुद्ध र छार्कताङसोङ गाउँपालिकामा पुगेको छ ।
चीनको तिब्बतसंग जोडिएको उपल्लो डोल्पामा लकडाउनको समयमा भारतबाट लामा विद्या पढ्ने विद्यार्थी आएपनि आरडिटी परीक्षण गर्ने किटको अभाव र विकटताका कारण जान नसक्ने भन्दै स्वास्थ्यकर्मीले आलटाल गर्दै आएका थिए ।
वैशाख १४ गते इन्सेक प्रतिनिधि तथा लकडाउन अवधिको मानव अधिकार अवस्था अनुगमन टोलीका संयोजक विष्णुप्रसाद देवकोटाको अगुवाइमा अन्य पदाधिकारी सहितको टोलीले प्रमुख जिल्ला अधिकारी सुरेश सुनार र जिल्ला स्वास्थ्य सेवा प्रमुख सिजन रावललाई भेटेर ध्यानाकर्षण गराएपछि आरडिटी किट सहितको टोली उपल्लो डोल्पा पुगेको हो ।
यसैबीच हुम्लामा राष्ट्रिय गौरवको आयोजना समेत रहेको कर्णाली करिडोरको काम निर्धारित समयमा सम्पन्न गर्न नेपाली सेनाले निर्माण कार्य अगाडि बढाएको छ । लकडाउनका कारण रोकिएको काम बैशाख १५ गतेबाट सुचारु भएको ताँजाकोट गाउँपालिकाका स्थानीय जगत शाहीले जानकारी दिनु भयो ।
यसैगरी सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले राहतको लागि नयाँ नम्बर सञ्चालनमा ल्याएको छ । राहतको लागि नाम टिपाउन १०१ नम्बर बढी व्यस्त हुने भएकोले ०८३५२०१४४ सञ्चालनमा ल्याएको नगरपालिकाले जनाएको छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** जिल्ला विपत व्यवस्थापन समितिको बैठकले लकडाउन कडा बनाउने निर्णय गरेको छ । लकडाउन कडा बनाउन थप प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले बताउनुभयो ।
त्यसैगरी कोरोना भाइरसबाट संक्रमित बिरामीलाई अस्पताल ल्याउन र लैजानका लागि एम्बुलेन्सको व्यवस्था गर्ने निर्णय गरिएको छ । यसैगरी बैठकले क्वारेन्टाइन स्थल मापदण्ड अनुसार सञ्चालन तथा व्यवस्थापन गर्ने र दैनिक उपभोग्य बस्तु किनमेल गर्नका लागि बिहान ७ देखि ९ बजे र बेलुका ४ देखि ६ बजेसम्म बजार खुल्ने निर्णय गरेको छ ।
बैठकमा उपस्थित सरोकारवालाले उद्धार गरी जिल्लामा ल्याइएका नागरिकलाई अनिवार्य १४ दिनसम्म क्वारेन्टाइनमा राख्नुपर्ने र कोरोना परीक्षण गर्नुपर्ने सुझाव दिएका छन् ।
यसैबीच हिमा गाउँपालिकाका उपाध्यक्ष हिमाली रोकायाले बैशाख १२ गते कार्यपालिका बैठकमा आफूलाई दुर्व्यवहार गरेको आरोप लगाउनुभएको छ ।
लकडाउनमा विपन्नलाई राहत वितरण गर्नेबारे छलफल हुँदा प्रमुख प्रशासकीय अधिकृत टोपबहादुर बुढा र नेकपा जुम्लाका सदस्य अम्मरराज शाहीले दुर्व्यवहार गरेकोले प्रहरीमा उजुरी गरेको बैशाख १६ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गर्नुभयो । प्रमुख प्रशासकीय अधिकृत टोपबहादुर बुढा र नेता अम्मरराज शाहीका अनुसार कार्यपालिका बैठकमा सामान्य विवाद भएको थियो ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** खाँडाचक्र नगरपालिकाले बैशाख १६ गते वडा नम्बर १ मा एक सय र वडा नम्बर ७ मा एक सय ४१ परिवारलाई खाद्यान्न सामग्री वितरण गरिएको छ ।

प्रत्येक परिवारलाई ३० किलो चामल, दुई पोका तेल, दुई पोका नुन र चार किलो दाल वितरण गरिएको नगरपालिकाका प्रमुख जसीप्रसाद पाण्डेले बताउनुभयो । उहाँका अनुसार नगरपालिकाभित्र लकडाउनमा परेका १५ सय परिवारलाई राहत वितरण गरिनेछ ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** कर्णाली प्रदेश सरकारले सुर्खेतमा अलपत्र परेका २ सय ९५ जनालाई उद्धार गरेको छ ।
सामाजिक विकास मन्त्रालयले बैशाख १५ गतेबाट गाडी मार्फत हुम्लाबासीलाई सुर्खेत, दैलेख, जुम्ला हुँदै मुगुको गमगढी पुर्‍याएको छ । मानिसहरु त्यहाँबाट पैदल यात्रा गरेर हुम्ला पुग्ने गर्छन् ।
यस्तै आधार नेपाल हुम्लाले बैशाख १५ गते स्वास्थ्य सेवा कार्यालयलाई स्वास्थ्य सामग्री सहयोग गरेको छ । आधार विकास हुम्लाका शिक्षा अधिकृत कुन्जोक लामाले कार्यालयलाई सर्जिकल पञ्जा दुई सय थान, सेनिटाइजर आठ बोतल, पिपिई सेट चार थान, थर्मोमिटर दुई थान, सर्जिकल मास्क २ हजार ४ सय थान र केएन नाइन्टी फाइभ मास्क ४ सय थान उपलब्ध गराएको जानकारी दिनुभयो ।
उक्त सामाग्रीहरु सिमकोट गाउँपालिकाका अध्यक्ष पदमबहादुर लामा र प्रमुख जिल्ला अधिकारी बिनिता भट्टराईको उपस्थितिमा कार्यालय प्रमुख प्रेमबहादुर सिंहलाई हस्तान्तरण गरिएको थियो ।
यसैबीच राष्ट्रिय गौरवको आयोजना समेत रहेको कर्णाली करिडोरको काम निर्धारित समयमा सम्पन्न गर्न नेपाली सेनाले निर्माण कार्य अगाडि बढाएको छ । लकडाउनका कारण रोकिएको काम बैशाख १५ गतेबाट सुचारु भएको ताँजाकोट गाउँपालिकाका स्थानीय जगत शाहीले जानकारी दिनुभयो ।
कर्णाली करिडोर सडक निर्माण कार्यदलका आयोजना प्रमुख इन्जिनियर एवं सेनानी मिलन कार्कीले हाल एक सय जना कामदार कार्यस्थलमा खटिएको र अरु गाउँबाट आउँदै गरेको बताउनुभयो ।

**इन्सेक रुकुम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** जिल्लामा खाद्य व्यवस्था तथा व्यापार सेवा कम्पनीबाट खाद्यान्न बिक्री वितरण बढेको छ । लकडाउनको अवधिमा तीन सय ३५ क्विन्टल चामल बिक्री भएको बताइएको छ ।
खाद्य व्यवस्था तथा व्यापार सेवा कम्पनी रुकुम शाखामा तीन सय ४० क्विन्टल चामल स्टक रहेको र यो संख्या जिल्लाको लागि अपुग रहेको शाखाका निमित्त प्रमुख चन्द्रबहादुर खड्काले बताउनुभयो । सामान्य अवस्था भन्दा लकडाउनको समयमा खाद्यान्न वितरण पाँच गुणाले बढेको उहाँको भनाई छ । लकडाउनको समय लम्बिंदै गए चामल अपुग हुने हुँदा दुई हजार क्विन्टल चामल माग गरिएको खड्काले जानकारी दिनुभयो ।
लकडाउनका कारण रोकिएको नियमित खोप कार्यक्रम सञ्चालन गरिएको छ । स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिमका खोप सुपरभाइजर कृष्णा खड्काले नियमित खोप कार्यक्रम रोक्दा बालबालिकामा प्रत्यक्ष असर पर्ने भएकोले दुरी कायम गरेर खोप केन्द्रमा कार्यक्रम शुरु गरिने बताउनुभयो ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** लकडाउनका कारण जेष्ठ नागरिकहरु बैंकसम्म जान नसक्ने भएपछि वनगाड कुपिण्डे नगरपालिकाले घरमै गएर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।
नगरपालिकाका ३ हजार २३ जना ज्येष्ठ नागरिक, एकल, अपाङ्गता भएका व्यक्ति, दलित र बाल पोषण भत्ता घरमै गएर वितरण गरिएको नगरपालिकाले जनाएको छ । दोस्रो चौमासिकमा दुई करोड ३१ लाख १३ हजार ६ सय सामाजिक सुरक्षा भत्ता वितरण हुने नगरपालिकाका सूचना अधिकारी धर्मराज ढकालले बताउनुभयो ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** लकडाउनमा विपन्न परिवारलाई राहत सहयोग पुऱ्याउन भेरी नगरपालिकामा कार्यरत स्वास्थ्य सेवा बाहेक अन्य सबै सेवामा कार्यरत सम्पूर्ण कर्मचारी तथा शिक्षकहरूले केही दिनको तलबबाट सहयोग गरेका छन् ।
शाखा अधिकृत र उप सचिवले ५ दिनको तथा नासु तहसम्मकाले ३ दिनको तलब जम्मा गरेर दश लाख ६७ हजार ४ सय ४१ रुपैयाको चेक भेरी नगरपालिकाको विपद कोषमा जम्मा गर्न नगरप्रमुख चन्द्रप्रकाश घर्तीलाई बैशाख १६ गते हस्तान्तरण गरिएको निमित्त कार्यकारी प्रमुख दलबहादुर घर्तीले जानकारी दिनुभयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** कोरोना भाइरस रोकथामका लागि सरकारले गरेको लकडाउनका कारण व्यापारीहरुले खाद्यान्न ढुवानी गर्न नसकेपछि नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा चामल लिनेहरुको चाप बढेको छ ।
लकडाउन लम्बिँदै गएपछि बजारमा भएको खाद्यान्न सकिन लागेको र उत्पादनको काम गर्न नपाएको कारण उपभोक्ताको क्रय शक्तिमा पनि ह्रास आएकोले चामल लिनेहरुको चाप बढेको दैलेख उद्योग बाणिज्य संघका अध्यक्ष कुलबहादुर बिकले बताउनुभयो ।
सदरमुकाममा रहेको नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा अघिल्लो आर्थिक वर्षको बाँकी पाँच सय ३१ क्विण्टल र चालु आर्थिक वर्षको १७ सय क्विण्टल मध्ये लकडाउनपछि १८ सय २५ क्विण्टल बिक्री भएको र चार सय ६ क्विण्टल मात्र बचेको निमित्त कार्यालय प्रमुख रबिन रेग्मीले जानकारी दिनुभयो ।
रेग्मीका अनुसार भगवतीमाई गाउँपालिकाले ६० क्विण्टल, नौमूले गाउँपालिकाले पाँच सय ४५ क्विण्टल र आठबिस नगरपालिकाले तीन सय २५ क्विण्टल राहत वितरणका लागि एकमुष्ट लिएको र बाँकी आठ सय ९५ क्विण्टल अरुवा मोटो चामल उपभोक्ताहरुले किनेर लगेका हुन् ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** भारतबाट आएका उपल्लो डोल्पाका नागरिकको आरडिटि परीक्षणको लागि इन्सेकको पहलमा स्वास्थ्यकर्मीको टोली बैशाख १६ गते उपल्लो डोल्पाको डोल्पोबुद्ध र छार्काताङसोङ गाउँपालिकामा पुगेको छ ।
चीनको तिब्बतसंग जोडिएको उपल्लो डोल्पामा लकडाउनको समयमा भारतबाट लामा विद्या पढ्ने विद्यार्थी आएपनि आरडिटी परीक्षण गर्ने किटको अभाव र विकटताका कारण जान नसक्ने भन्दै स्वास्थ्यकर्मीले आलटाल गर्दै आएका थिए ।
बैशाख १४ गते इन्सेक प्रतिनिधि तथा लकडाउन अवधिको मानव अधिकार अवस्था अनुगमन टोलीका संयोजक विष्णुप्रसाद देवकोटाको अगुवाइमा अन्य पदाधिकारी सहितको टोलीले प्रमुख जिल्ला अधिकारी सुरेश सुनार र जिल्ला स्वास्थ्य सेवा प्रमुख सिजन रावललाई भेटेर ध्यानाकर्षण गराएपछि आरडिटी कीट सहितको टोली उपल्लो डोल्पा पुगेको हो ।
डोल्पामा एक सय ४० थान आरडिटी परीक्षणमा प्रयोग हुने किट उपलब्ध भएपनि मध्य र तल्लो डोल्पाका नागरिकको परीक्षणको क्रममा ६१ ओटा सकिएको र उपल्लो डोल्पाको लागि ४० ओटा पठाइएको डाक्टर सिजन रावलले बताउनुभयो ।
यस्तै डोल्पाको मुड्केचुला गाउँपालिका-४ मा एक सय ३६ परिवारलाई एक बोरा चामल, २ पोका तेल र एक एक ओटा साबुन राहत वितरण गरिएको वडा अध्यक्ष जंगबहादुर बुढाले जानकारी दिनुभयो ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** लायन्स क्लबहरुले डिउटीमा खटिएका सुरक्षाकर्मीहरुलाई दही र पानी खुवाएका छन् ।

लायन्स क्लबहरुको आयोजना तथा विभिन्न दाताहरुको आर्थिक सहयोगमा खाजा वितरण गर्दै आइरहेको लायन्स क्लब अफ सिटीका बर्ष २०१९/२०२०का अध्यक्ष तारा रावतले नगरका विभिन्न स्थानमा खटिएका २ सय सुरक्षाकर्मीलाई दही र पानी खुवाएको जिल्ला अधिकृत भद्र भण्डारीले जानकारी दिनुभयो ।

यस्तै वीरेन्द्रनगर नगरपालिकाले राहतको लागि नयाँ नम्बर सञ्चालनमा ल्याएको छ । राहतको लागि नाम टिपाउन चालु १०१ नम्बर बढी व्यस्त हुने भएकोले ०८३५२०१४४ सञ्चालनमा ल्याएको नगरपालिकाले जनाएको छ ।

**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**